# आर्थिक वर्ष २०७९/०८० को
# आर्थिक ऐन, २०७९

दुर्गाथली गाउँपालिका
चौधारी, बझाङ्ग
सुदुरपश्चिम प्रदेश
२०७९

## दुर्गाथली गाउँपालिकाको आर्थिक ऐन २०७९

दुर्गाथली गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

दुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिय व्यवस्था गर्न बाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुर्गाथली गाउँसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः**

I. यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

II. यो ऐन २०७९ साल श्रावण १ गते देखि दुर्गाथली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२) **सम्पत्ति करः** दर्गाथली गाउँपालिंका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३) **भूमि कर (मालपोत)ः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४) **घर वहाल करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिइएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५) **व्यवसाय करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **जडीबुटी, कवाडी र जिवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खाटो, जडिबुटी वनकस, कवाडी माल प्रचलित कानुनले निषेध

गरिएको जिवजन्तु बाहेका अन्य मृत वा मारिएका जिवजन्तु हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गर बाफंत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

७) **विज्ञापन करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८) **बहाल बिटौरी शुल्कः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९) **सेवा शुल्क, दस्तुरः** दुर्गाथली गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०) **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

११) **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि दुर्गाथली गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचि-१**

**(नियम २ सँग सबन्धित)**

आर्थिक वर्ष २०७९/०८० मा तपशिल बमोजिमको घरजग्गा कर लागइनेछ ।

दुर्गाथली गाउँपालिका क्षेत्रभित्र रु. ५० देखि रु. ३०० सम्म घरजग्गा कर लागइनेछ । एउटै घर भित्र अंशबण्डा गरी छुट्टिएर बसेको हकमा बसोबास गरिरहेका परिवारका संख्याको आधारमा घर कर लाग्ने छ ।

**वर्गिकरण**

क. ढलान गरि निर्माण भएको पक्की घर रु. १५० देखि रु. ३०० दोस्रो तलाको थप रु १०० तेस्रो तलाको रु ५०

ख. स्लेट तथा अन्य जस्ता टिन भएको प्लाष्टर घर रु. १०० दोस्रो तला थप रु. २५ तेस्रो तला थप रु. २५

ग. स्लेट तथा जस्ता छाना भएको सामान्य लिपपोत गरेको घरको रु. ७५ दोस्रो तला थप रु. २५ तेस्रो तला थप रु. २५

घ. खरको छाना भएका प्रति घर रु. ५० दोस्रो तला थप रु. २५ तेस्रो तला थप रु. २५

## अनुसूचि – २

**(नियम ३ सँग सम्बन्धित)**

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र निम्न बमोजिमको दरले मालपोत कर लागइनेछ ।

**सडक वरपरको क्षेत्र**

**खेत तर्फः**

| क्र.स | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथी प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १. | अब्बल | १०।०० | १२।०० |
| २. | दोयम | ८।०० | १०।०० |
| ३. | सिम | ६।०० | ८।०० |
| ४. | चाहर | ४।०० | ६।०० |

पाखो तर्फः

| क.स | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथी प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १. | अब्बल | १०।०० | १०।०० |
| २. | दोयम | ६।०० | ८।०० |
| ३. | सिम | ४।०० | ६।०० |
| ४. | चाहर | २।०० | ४।०० |

नोटः १ रोपनीमा ५०८।७४ वर्ग मिटर जरिवाना साविक बमोजिम लिइने छ ।

## अनुसूची – ३
**(नियम ४ सँग सम्बन्धित )**

दुर्गाथली गाउँपालिका भित्र कसैले घर भाडामा लागएमा त्यसमा घर भाडाको हुने १० % (दस प्रतिशत) कर लगाइने छ ।

## अनुसूची – ४
**(नियम ५ सँग सम्बन्धित )**

दुर्गाथली गाउँपालिका भित्र तपशिल बमोजिमको दरमा व्यवसाय कर लागइनेछ ।

| क.स | व्यवसाय दर्ता दस्तुर | रकम रु. |
|---|---|---|
| १. | चिया पसल कर | ७००।०० |
| २. | खुद्रा पसल कर | १२००।०० |
| ३. | होलसेल पसल कर | ३०००।०० |
| ४. | पानीघट्ट कर | २५०।०० |
| ५. | चक्की मिल कुटानी र पिसाई | २०००।०० |
| ६. | घुम्ती व्यापारी कर | ५००।०० |

| | | |
|---|---|---|
| ७. | विद्युत शुल्क पेल्टी सेट | ५००।०० |
| ८. | विद्युत शुल्क पल्टी सेट १० किलो वाट माथि. | १००००।०० |
| ९. | मेडिकल कर | ३५००।०० |
| १०. | किलिनिक | २५००।०० |
| ११. | पोल्ट्री फर्म | २५००।०० |
| १३. | गहना पसल | २५००।०० |
| १४. | आयुर्वेदिक औषधि पसल | १०००।०० |
| १५. | सिलाई कटाई तथा टेलरिङ्ग | ५०००।०० |
| १६. | इलेक्ट्रोनिक सामाग्रि पसल | ३५००।०० |
| १७. | फलफूल पसल | ५००।०० |
| १८. | पुस्तक पसल, स्टेशनरी खेलकुद सामाग्रि पसल | १२००।०० |
| १९. | होटल व्यवसाय | ३२००।०० |
| २०. | फोटोग्राफी फोटो व्यवसाय | १५००।०० |
| २१. | माछामासु पसल | १०००।०० |
| २२. | फर्निचर तथा काष्ठ व्यवसाय | २०००।०० |
| २३. | मोटर्स पार्टस र ग्रील उद्योग | २५००।०० |
| २४. | विज्ञ परामर्श इन्जिनियरिङ, कानुन व्यवसायी भेटनरी सेवा शुल्क लगायतका अन्य सेवा शुल्क | १५००।०० |
| २५. | बन्दुक नविकरण | ५००।०० |
| २६. | सप्लायर्स सुचिकृत दर्ता शुल्क कन्सल्टेन्सि सुचिकृत दर्ता शुल्श निर्माण व्यवसायी सुचिकृत दर्ता शुल्क | ५००।०० |
| २७. | सभा कक्ष भाडा<br>क. आन्तरिक<br>ख. बाह्य | <br>१०००।००<br>२०००।०० |
| २८. | (घ) वर्गको निर्माणं व्यवसाय नयाँ दर्ता<br>(घ) वर्गको निर्माण व्यवसाय नविकरण | २५००।००<br>५०००।०० |

| | | |
|---|---|---|
| | (घ) वर्गको निर्माण व्यवसाय नविकरण थप दस्तुर | २०००।०० |
| | (घ) वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रतिलिपी | १०००।०० |
| २९. | निजि विद्यालय दर्ता | ३०००।०० |
| | निजि विद्यालय थप कक्षा | २०००।०० |
| | अनुमती निजि विद्यालय- नविकरण दस्तुर | ६०००।०० |
| ३०. | आधारभुत विद्यालयको अनुमति | ५०००।०० |
| | सामुदायिक माध्यामिक विद्यालयको अनुमति सामुदायिक | १००००।०० |
| ३१. | सहकारी संस्था दर्ता | ५०००।०० |
| | नविकरण | २०००।०० |
| | जरिवाना | १०००।०० |
| | प्रतिलिपी | ५००।०० |
| ३२. | विभिन्न शैक्षिक लगायत अन्य Institute | २०००।०० |
| ३३. | मदिरा व्यवसाय सञ्चालन सिफारिस | ३०००।०० |
| ३४. | संस्था दर्ता शुल्क | २०००।०० |

## अनुसूची -५
### (नियम ६. सँग सम्बन्धित)

| क्र.स | विवरण | दर (रु.) |
|---|---|---|
| १. | कटुकीको जरा प्रति किलो | २५०।०० |
| २. | रिठ्ठा प्रति के.जी | २।०० |
| ३. | भाङ्गो दाना प्रति के.जी | १०।०० |
| ४. | अल्लो भाङ्गो लोक्ता प्रति के.जी | ३।०० |
| ५. | टिमुर प्रति के.जी | १० |
| ६. | पाषण वेद प्रति के.जी | २०० |
| ७. | अमला प्रति के.जी | ५।०० |

| | | |
|---|---|---|
| ८. | चिराइतो प्रति के.जी | ५।०० |
| ९. | सतुवा प्रति के.जी | ५०।०० |
| १०. | सिस्नु प्रति के.जी | ५।०० |
| ११. | वन लसुन (हाडे विस प्रति के.जी.) | ५।०० |
| १२. | धुपी जडा प्रति के.जी | ५।०० |
| १३. | दालचिनी प्रति के.जी | ५।०० |
| १४. | भैसी निकासी तथा ओसार पोसार प्रति भैसी | ३०००।०० |
| १५. | बाख्रा ओसार पोसार प्रति बाख्रा | १०००।०० |
| १६. | कवाडी सिसा प्लाष्टिक फलाम काजग प्रति कुन्टल | १०।०० |
| १७. | तामा कास र पित्तल प्रति के.जी | १५।०० |

## अनुसूची – ६
### (नियम ७ सँग सम्बन्धित)

गाउँपालिकाको क्षेत्र भित्र विज्ञापन होडिङ्ग बोर्ड तथा पोष्टर आदी राखी विज्ञापन गरेमा सो वाफत कर दस्तुर निम्न बमोजिम हुनेछ ।

होडिङ्ग वोर्ड तथा पोष्टर ३*६ वर्ग फिट सम्म रु ५००।०० र सो भन्दा माथी रु. १०००।००

## अनुसूची – ७
### (नियम ८ सँग सम्बन्धित)

बह्राल बिटौरी बाफतको दस्तुर निम्न बमोजिम हुनेछ ।

दुर्गाथली गाउँपालिकाले आफै छाप्ने निर्माण गरेको हकमा मासिक रु. ५००।०० देखि २०००।०० सम्म व्यक्ति आफै अस्थायी छाप्ने टहरा

निर्माण गरेकोमा प्रति वर्ग फिट मासिक रु. ५।०० को दरले हुन आउने रकम ।

## अनुसूची – ८
## (नियम ९ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र उठाइने सेवा शुल्कको दर निम्नानुसार हुनेछ ।

| क्र.स | सेवा शुल्क शिर्षक | शुल्क दस्तुर रकम रु. |
|---|---|---|
| १. | नाता प्रमाणित अन्य प्रमाणितहरु | ५००।०० |
| २. | चारकिल्ला प्रमाणित | ५००।०० |
| ३. | नागरिकता सिफारिस | १००।०० |
| ४. | नागरिकता अंगकृत सिफारिस | १०००।०० |
| ५. | विद्युत मिटर जडान सिफारिस | ५००।०० |
| ६. | संस्था दर्ता शुल्क<br>संस्था दर्ता नविकरण<br>संस्था दर्ता प्रतिलिपी | ५०००।००<br>१०००।००<br>५००।०० |
| ७. | घर रजिष्ट्रेषन सिफारिस | ३००।०० |
| ८. | सानां घरेलु उद्योग दर्ता सिफारि | ३०००।०० |
| ९. | पर्यटन शुल्क | १००।०० |
| १०. | सिचाई मुल दर्ता | २०००।०० |
| ११. | खानेपानी मुल दर्ता | १५००।०० |

| | | |
|---|---|---|
| | भारत बाहेक अन्य मुलुक जाने सिफारिस | १५००।०० |
| १३. | साधारण सिफारिस | १००।०० |
| १४. | घर जग्गा नामसारी | ५००।०० |
| १५. | योजना अन्तिम भुक्तानी<br>रु. १ लाख सम्म सिफारिस<br>रु. १-५ लाख दस्तुर<br>रु. ५-१० लाख सम्म<br>रु. १० लाख भन्दा माथी | <br>१००।००<br>२००।००<br>५००।००<br>१०००।०० |
| १६. | अंशबण्डा सिफारिस | ५००।०० |
| १७. | वैदेशिक कामका लागी सिफारिस<br>भारत<br>भारत वाहेक अन्य मुलुक | <br>२००।००<br>५००।०० |
| १८. | गरिवी विपन्न सिफारिस | १००।०० |
| १९. | सम्पन्नता सिफारिस<br>रु. ५ लाख सम्म<br>रु. ५ लाख वा सो भन्दा माथी | <br>१०००।००<br>२०००।०० |
| २०. | व्यवसाय संघ संस्था आदी नामसारी सिफारिस | १०००।०० |
| २१. | बैंक काउन्टर खोल्ने वार्षिक<br>"क" वर्गको बैंक<br>अन्य वित्तिय संस्था<br>सहकारी संस्था | ५०००।००<br>१५०००।००<br>७५००।००<br>२०००।०० |

| | | |
|---|---|---|
| | IME अन्य | १००० ।०० |
| २२. | छात्रवृति सिफारिस | १०० ।०० |
| २३. | जागिर सिफारिस | ५०० ।०० |
| २४. | कच्चिघर भत्काउने | १०० ।०० |
| २५. | अन्य सिफारिस | १०० ।०० |
| २६. | जन्म मृत्यु विवाह बसाईसराई (३५ दिन भित्र सम्म निशुल्क)<br>जरिवाना प्रतिलिपी शुल्क | २०० ।००<br>५०० ।०० |
| २७. | अविवाहित प्रमाणित | १०० ।०० |
| २८. | वपस पत्र | ५०० ।०० |
| २९. | अपुताली सिफारिस | ५०० ।०० |
| ३०. | सर्जिमित मुचुल्का सिफारिस (प्राकृतिकक विपदमा निशुल्क) | ५०० ।०० |
| ३१. | मिलापत्र दस्तुर दुवै पंक्ष | ५०० ।०० |
| ३२. | गैर सरकारी संस्था नविकरण | १००० ।०० |
| ३३. | प्रति ट्राली ढुङ्गा गिट्टी सङ्कलन<br>प्रति ट्राली बालुवा सङ्कलन<br>प्रति ट्राली माटो सङ्कलन | ५५० ।००<br>७५० ।००<br>५०० ।०० |
| ३४. | प्रति कट्टा ढुङ्गा गिट्टी सङ्कलन<br>प्रति कट्टा बालुवा सङ्कलन<br>प्रति कट्टा माटो सङ्कलन | १० ।००<br>१५ ।००<br>५ ।०० |
| ३५. | कृषक समुह पशु समुह दर्ता<br>नविकरण | १००० ।००<br>५०० ।०० |

| | | |
|---|---|---|
| ३६. | भ्याकुलोडर भाडा | इन्धनसहित प्रति घण्टा रु. ५०००।०० इन्धन बाहेक प्रतिघण्टा रु. ३५००।०० |
| | | |
| ३७. | एम्बुलेन्स सेवा (७५ वर्ष माथिका जेष्ठनागरिक पूर्ण अपाङ्गता भएको (क) वर्ग प्रेषण भएका गर्भवती आमालाई निःशुल्क हुनेछ । | **गाउँपालिका भित्र**<br>क. चौधारी – बुङ्गा रु. ५००।००<br>ख. चौधारी – बाजकाँडा रु. १०००।००<br>ग. चौधारी- सैन रु. १५००।००<br>घ. चौधारी-दौला रु. १६००।००<br>ङ. चौधारी – भलाने/जाफ्री रु. १५००<br>च. चौधारी - चुवावन रु. १८००।००<br>छ. चौधारी – रकैल रु. १५००।००<br>ज. चौधारी- मौलाली रु. ७००।००<br>झ. चौधारी- वलीगाउँ रु. ५००।००<br>ञ. चौधारी – जुजी भित्र (वडा नम्बर १,२ र ४ भित्रको गाउँपालिका आसपासमा क्षेत्र) रु. ५००।००<br>ट. चौधारी- देउलेख वडा नम्बर ३ रु. १०००।००<br><br>**बझाङ्ग जिल्ला भित्र**<br>क. चौधारी – चैनपुर रु. २०००।०० |

| | | |
|---|---|---|
| | | ख.चौधारी- देउरा रु. २०००।००<br>ग. चौधारी- देउलेखं वित्थड रु. ४५००।००<br><br>बझाङ्ग जिल्ला बाहिर<br>क.चौधारी – डडेलधुरा रु. ६५००<br>ख.चौधारी – धनगढी रु. ११०००।००<br>ग. चौधारी – महेन्द्रनगर रु. १२०००।००<br>घ. चौधारी – कोहलपुर रु. १६०००।००<br>ङ. चौधारी – नेपालगञ्ज रु. १७०००।००<br>च. चौधारी – चितवन रु. २६०००।००<br>छ.चौधारी – काठमाडौं रु. ४००००।००<br>साथै विरामी ३ घण्टा भित्र फिर्ता भएमा फर्कीएको भाडा लाग्ने छैन । अन्यथा तोकिए बमोजिम फर्किएको भाडा लइने छ । |